# राष्ट्रिय परीक्षा बोर्डको अध्यक्ष पदका लागि दरखास्त फाराम

| फोटो |
|---|

क) व्यक्तिगत विवरण

१. उम्मेदवारको नाम :

२. जन्म मिति : इ.सं / वि.सं

| वर्ष | महिना | गते |
|---|---|---|
| | | |

३. स्थायी ठेगाना :

| | |
|---|---|
| प्रदेश : | जिल्ला : |
| न.पा / गा.पा : | वडा नं. : |
| टेलिफोन नं : | |

४. अस्थायी ठेगाना :

| | |
|---|---|
| प्रदेश : | जिल्ला : |
| न.पा / गा.पा : | वडा नं. : |
| टेलिफोन नं : | |

५. नागरिकता :

जारी गरिएको जिल्ला र मिति :

नम्वर :

६. पति / पत्नीको नाम :

७. मोबाइल नम्बर:

८. इमेल :

ख) शैक्षिक योग्यता विवरण :

| शैक्षिक संस्थाको नाम र ठेगाना | उपाधि | अध्ययन वर्ष | | श्रेणी | कैफियत |
|---|---|---|---|---|---|
| | | बाट | सम्म | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

ग) सम्वन्धित क्षेत्रमा कार्य अनुभवको विवरण :

| संस्था/निकायको नाम र ठेगाना | कार्य अवधि | | मुख्य उत्तरदायित्व | कैफियत |
|---|---|---|---|---|
| | बाट | सम्म | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

घ)  माथि उल्लेखित मेरो व्यक्तिगत विवरण ठिक साँचो छ । झुठ्ठा ठहरिएमा यसै विवरणको आधारमा बदर गरिएमा म कुनै किसिमको उजुरवाजुर गर्ने छैन ।

दरखास्तवालाको हस्ताक्षर

मिति

ल्याप्चे सहीछाप

| **दाँया** | **बाँया** |
|---|---|
| | |

*नोट : दरखास्तको साथमा सूचनामा उल्लेखित कागजातका छाँयाप्रतिहरु संलग्न गर्नुपर्नेछ ।*

# राष्ट्रिय परीक्षा बोर्डको अध्यक्षको नियुक्तिका लागि सिफारिस समितिको दरखास्त आह्वान सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति २०७८।०७।२५**

शिक्षा ऐन, २०२८ को दफा ४क. को उपदफा (१) मा माध्यामिक शिक्षा परीक्षाको सञ्चालन, समन्वय र व्यवस्थापन गर्न राष्ट्रिय परीक्षा बोर्डको व्यवस्था गरेको र बोर्डमा मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तिमा स्नातकोत्तर उपाधि गरेको र शिक्षा तथा परीक्षा सम्बन्धी क्षेत्रमा कम्तीमा बाह्र वर्षको अनुभव प्राप्त व्यक्तिहरुमध्येबाट सोही ऐनको दफा ४क. को उपदफा (३) बमोजिम गठित सिफारिस समितिको सिफारिसमा नेपाल सरकारले राष्ट्रिय परीक्षा बोर्डको अध्यक्ष नियुक्त गर्ने व्यवस्था गरेको छ । राष्ट्रिय परीक्षा बोर्डको अध्यक्षको नियुक्तिका लागि सिफारिस गर्न गठित सिफारिस समितिको बैठक र छनौट सम्बन्धी कार्यविधि, २०७८ बमोजिम दरखास्त पेश गर्ने उम्मेदवारहरुबीच योग्यताक्रम निर्धारण गरी उच्च अंक प्राप्त गर्ने उम्मेदवार अध्यक्ष नियुक्तिका लागि नेपाल सरकारलाई सिफारिस गरिने व्यवस्था छ । यस प्रयोजनका लागि देहायको योग्यता र अनुभव पुगेका इच्छुक व्यक्तिबाट यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिन भित्र (२०७८ साल मंसिर ९ गते भित्र) सिफारिस समितिको सचिवालय नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सिहदरबारमा कार्यालय समयभित्र दरखास्त पेस गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१। **योग्यता र अनुभवः** बोर्डको अध्यक्ष पदमा नियुक्तिको लागि देहाय बमोजिमको योग्यता र अनुभव हासिल गरेको हुनुपर्नेछः

(क) शिक्षा ऐन, २०२८ को दफा ४क. को उपदफा (२) को खण्ड (क) मा उल्लिखित योग्यता र अनुभव पुगेको ।

(ख) राष्ट्रिय परीक्षा बोर्ड नियमावली, २०७६ को नियम ७ बमोजिम अयोग्य नभएको।

(ग) दरखास्त दिंदाका वखत कुनै राजनीतिक दलको सदस्य नभएको।

(घ) परीक्षा बोर्डसँग कुनै किसिमको स्वार्थको द्वन्द्व (Conflict of Interest) नभएको ।

स्पष्टीकरणः ऐनको दफा ४क. को उपदफा (२) को खण्ड (क) को प्रयोजनको लागि "शिक्षा तथा परीक्षा सम्बन्धी क्षेत्रमा कम्तीमा बाह्र वर्षको अनुभव" भन्नाले शिक्षा र प्राध्यापन क्षेत्रमा बाह्र वर्षको अनुभव हासिल गरी सोही समयमा परीक्षा व्यवस्थापन र सञ्चालन कार्यमा कम्तीमा तीन वर्षसहितको अनुभवलाई जनाउनेछ।

२. **दरखास्तका साथ पेस गर्नु पर्ने कागजातहरुः**

(१) रीतपूर्वक भरेको दरखास्तका साथ देहायका विवरणहरू खुल्ने प्रमाणित कागजातहरु पेस गर्नुपर्नेछ ।

(क) नेपालको नागरिकता प्रमाणपत्रको स्वयम् प्रमाणित प्रतिलिपि।

(ख) शैक्षिक योग्यता सम्बन्धी कागजातहरुका स्वयम् प्रमाणित प्रतिलिपि।

(ग) शिक्षा र परीक्षाको क्षेत्रमा काम गरेको अनुभव खुल्ने कागजातहरुका स्वयम् प्रमाणित प्रतिलिपि।

(घ) बोर्डको अध्यक्ष भएपछि बोर्डको नेतृत्व गर्ने सम्बन्धी अवधारणा पत्र (Concept Paper) तथा चार वर्षको व्यवसायिक कार्ययोजना (Professional Workplan) अलग अलग खाममा सिलवन्दी गरी दुई /दुई प्रति ।

(ङ) कुनै राजनीतिक दलको सदस्य नभएको र परीक्षा बोर्डसँग कुनै किसिमको स्वार्थको द्वन्द्व (Conflict of Interest) नभएको स्वघोषणा।

(च) दरखास्त दस्तुर बापतको रु ५०००/- नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको नाममा कोड नम्बर ३५०००३५०१ राजस्व खाता नम्बर १४२२४ मा जम्मा गरेको भौचर।

(२) कोडिङ डिकोडिङ गर्ने प्रयोजनका लागि अवधारणा पत्र र व्यवसायिक कार्ययोजनाको पहिलो पानाको प्रथम पृष्ठको दाँया तर्फको आधा भागमा उम्मेदवारले आफ्नो व्यक्तिगत विवरण मात्रै उल्लेख गरी बाँया तर्फको आधा भाग खाली राख्नु पर्नेछ र सो पानाको पछिल्लो पृष्ठमा केही नलेखि खाली छोड्नु पर्नेछ । अवधारणा पत्र र व्यवसायिक कार्ययोजनाको अन्य पृष्ठहरूमा आफ्नो परिचय खुल्ने नाम वा सङ्केत खोल्न पाइने छैन। अन्य पृष्ठहरूमा आफ्नो परिचय खुल्ने नाम वा सङ्केत गरेको पाइएमा अवधारणा पत्र र व्यवसायिक कार्ययोजना रद्द गरिनेछ ।

(३) दरखास्त फाराम शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको वेभ साइट www.moest.gov.np बाट डाउनलोड गर्न सकिनेछ ।

३. **मूल्यांकनका आधारः**

उम्मेदवारहरुको मूल्यांकनको आधारहरु राष्ट्रिय परीक्षा बोर्डको अध्यक्षको नियुक्तिका लागि सिफारिस गर्न गठित सिफारिस समितिको बैठक र छनौट सम्बन्धी कार्यविधि, २०७८ वमोजिम हुनेछ ।

४. **दरखास्त रद्द हुन सक्नेः**

गलत वा झुठ्ठा कागज पत्र पेस गरेमा वा माथि प्रकरण २ बमोजिमका कागजातहरू संलग्न नभएमा समितिले कुनै पनि चरणबाट उम्मेदवारको दरखास्त रद्द गर्न सक्नेछ ।

५. राष्ट्रिय परीक्षा बोर्डको अध्यक्षको नियुक्तिका लागि सिफारिस गर्न गठित सिफारिस समितिको बैठक र छनौट सम्बन्धी कार्यविधि, २०७८ सिफारिस समितिको सचिवालय नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सिहदरबारबाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ । साथै यस सम्बन्धी थप कुरा बुझ्न परेमा कार्यालय समय भित्र नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सिहदरबारमा सम्पर्क राख्न वा मन्त्रालयका उपसचिव बिदुरराज गिरी (मोबाइल नम्बर ९८४१४४९०२५) मा सम्पर्क राखि बुझ्न सकिनेछ ।

६. यो सूचना लोक सेवा आयोगको वेवसाइट www.psc.gov.np तथा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको वेवसाइट www.moest.gov.np मा पनि हेर्न सकिनेछ ।